मिति: २०८२।१०।१३ गते
समय:

बैठक सङ्ख्या : ७८

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

मितिः२०८२।१०।१३ गतेको कार्यपालिका निर्णयः

<table>
<tr><th>नि.नं.</th><th>प्रस्ताव/ विषय</th><th>निर्णयहरू</th></tr>
<tr><td>१</td><td>गत बैठकको समिक्षा सम्वन्धमा।</td><td>गत कार्यपालिका निर्णयहरूको बैठकको समिक्षा गरियो। केहि निर्णयहरू कार्यान्वयन भइसकेको र केहि कार्यान्वयन चरणमा रहेको पाइयो।</td></tr>
<tr><td>२</td><td>नदिजन्य पदार्थको खोला ठेक्का सम्बन्धमा।</td><td>यस कार्यालयको ठेक्का नं LM/MOR.NCB/REV/2082-82-02 (Mining Collection And Selling Of Riverbed Materials Of Chisang, Morangi And Teli Khola ) सम्बन्धमा मितिः२०८२।१०।१२ गते वोलपत्र मुल्याङकन समितिको प्रतिवेदन वमोजिम प्राप्त वोलपत्र दाताबाट प्राप्त कबोल रकममा एक जनामात्र बोलपत्र दाताको बोलपत्र कबोल गरेको देखिएकोले उक्त कबोल गर्ने श्री प्राथिभरा क्यारियर प्रा.ली.को कबोल रकम रू७११००१११।१० (मू.अ.कर सहित) स्विकृत गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>खोला ठेक्का सम्बन्धमा।</td><td>प्रस्तुत विषयमा यस लेटाङ नगरपालिकाको आय ठेक्काको ठेक्का नं. LM/MOR/NCB/REV/2082-83-02 को मोरङ्गे, चिसाङ र तेलि खोलाबाट नदिजन्य पदार्थ उत्खनन् तथा बिक्री सम्बन्धमा बोलपत्रदाताले एकमुष्ट ठेक्का बमोजिमको रकम बुझाएमा १०% छुट दिने सम्वन्धमा लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४१ को उपनियम २ तथा कोशी प्रदेश आर्थिक ऐन-२०८२, अनुसूची - ६ को क्र.सं. ८ बमोजिम व्यवस्था रहेकाले एकमुष्ट राजश्व जम्मा गरेमा श्री पाथीभरा केरियर प्रा. ली. इटहरी - २ लाई राजश्व रकममा मुल्य अभिवृद्धि कर कट्टी गरी हुन आउने रकमको १०% रकम छुट दिने।</td></tr>
<tr><td>४</td><td>तह वृद्धि सम्बन्धमा।</td><td>कोशी प्रदेश स्थानीय सरकारी सेवा ऐन २०८० को दफा २७ बमोजिम योग्यता पुरा भएका तपसिल बमोजिमका कर्मचारीको तह वृद्धि सिफारिस समितिको सिफारिस बमोजिम साविककै सेवा समुह अन्तर्गत तपसिल बमोजिमको तहमा तह बृद्धि गर्ने।<br><u>तपसिलः</u><br><table><tr><th>सि.नं.</th><th>नाम थर</th><th>हालको तह</th><th>तह वृद्धि गरिएको तह</th></tr><tr><td>१</td><td>ईन्द्र प्रसाद अर्याल</td><td>अधिकृतस्तर सातौ</td><td>अधिकृतस्तर आठौ</td></tr></table></td></tr>
<tr><td>५</td><td>नगरसभा स्थगित गरिएको सम्बन्धमा।</td><td>निर्वाचन आचार संहिताको कारण मितिः२०८२।१०।१५ गते हुने भनीएको नगर सभा चुनाव अगाडी स्थगित गरिएको छ।</td></tr>
<tr><td>६</td><td>बेरूजु फछ्यौंयोट सम्वन्धमा।</td><td>लेटाङ नगरपालिका लेखा समितबाट मितिः२०८२।१०।१२ गते पेश भएको बेरूजु फछ्यौंयोट सम्बन्धी अनुसूची बमोजिमको बेरूजु फछ्यौंयोटका लागि आगामी नगरसभामा पेश गर्ने।</td></tr>
<tr><td>७</td><td>नगरको प्राथमिकता योजना सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा अवस्थित देहायको योजनाहरूलाई नगरको प्राथमिकता प्राप्त योजना कायम गर्ने।<br><u>देहायः</u><br>• १० शैया अस्पताल लेटाङ-५</td></tr>
</table>

मितिः२०८२।१०।१३ गतेको कार्यपालिका निर्णयः

| | | |
|---|---|---|
| | | • अन्तरधार्मिक शान्ती पार्क- लेटाङ-१ |
| ८ | घ वर्गको निर्माण इजाजत सम्बन्धमा। | लेटाङ नगरपालिका घ बर्गको निर्माण इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७६ को अनुसूची ५ बमोजिमको कामजात पूर्ण भई प्राविधिक समितिबाट सिफारिस साथ प्राप्त भएको देहायको निर्माण व्यवसायीलाई इजाजत पत्र प्रदान गर्ने।<br>• शौर्य विल्डर्स कन्सट्रक्सन प्रा.ली – लेटाङ-८ |
| १० | राजश्व संकलन बन्द गर्ने सम्बन्धमा। | लेटाङ नगरपालिकामा नाकामा नदिजन्य पदार्थको राजश्व उठाइ रहेकोमा हाल नदिजन्य पदार्थको ठेक्का लागेको हुँदा उक्त राजश्व संकलन कार्य बन्द गर्ने। |
| ११ | छात्रावृती सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ४ मा स्थाई बसोबास गर्ने श्री निसान भुजेल लाई लेटाङ क्याम्पस अध्ययनका लागि रू१००००/- छात्रावृती प्रदान गर्ने। (नगस्तरीय छात्रावृती)<br>२.लेटाङ नगरपालिका वडा नं २ मा स्थाई बसोबास गर्ने श्री इच्छुका तामाङलाई श्री सुकुना मा.वि. कक्षा ११ मा अध्ययनका लागि रू १००००/- छात्रावृती प्रदान गर्ने। (नगरस्तरिय छात्रावृती) |
| १२ | बजेट बाँडफाड सम्बन्धमा। | लेटाङ नगरपालिका लेटाङ कानेपोखरी सडक विस्तार शिर्षकमा बजेट बिनियोजन भएकोमा उक्त बजेट शिर्षकबाट देहायको सडक स्तरउन्नतीमा काम गर्ने।<br>• लेटाङ कानेपोखरी सडक विस्तार – ६९१५२५।९८<br>• कृषि मार्ग स्तरउन्ती – २८८१८४।५७ |
| १३ | खानेपानी मुहान मर्मत संभार सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित सरूपेटार दमैडाँडा खानेपानी मुहान संरक्षणका लागि रू१५००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः चुरे क्षेत्रको मुहान संरक्षण)<br>२.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित अमलबोटे खानेपानी मुहान संरक्षणका लागि रू१५००००/- बजेट बिनियोजन गर्ने। (श्रोतः चुरे क्षेत्रको मुहान संरक्षण) |
| १४ | गरिवी निवारण सम्बन्धमा। | लेटाङ नगरपालिकामा हालसम्म बिद्युतबाट बन्चित रहेको देहायको घरहरूमा विद्युत जडानका लागि आर्थिक सहयोगका लाषगि निवेदन प्राप्त भएकोमा देहायको ब्यक्तिहरूलाई आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः गरिवि निवारण कोष)<br>**देहायः**<br>• छकला वजी – लेटाङ –७ (१०० मिटर तार)<br>• सन्देश राई - लेटाङ – १ (८०० मिटर तार) |
| १५ | राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ७ को कार्यालयको सिफारिस बमोजिम देहायको योजनाहरू वडा सिलिङ सँग साझेदारी गरि गर्ने।<br>**देहायः**<br>\| क्र.सं. \| योजनाको नाम \| वडा नं \| रकम \| |

मितिः२०८२।१०।१३ गतेको कार्यपालिका निर्णयः

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>१</td><td>श्री जंगा प्रा.वि. घेराबारा</td><td>७</td><td>१,००,०००/-</td></tr>
<tr><td>२</td><td>फेदाप्जुङ मगर गुम्बा निर्माण</td><td>७</td><td>१,००,०००/-</td></tr>
<tr><td>३</td><td>फूर्केटार कालिका मन्दिर रेलिङ निर्माण</td><td>७</td><td>७०,०००/-</td></tr>
</table></td></tr>
<tr><td>१६</td><td>धार्मिक पूर्वाधार निर्माण सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिका वडा नं ७ स्थित किरात मन्दिर अधुरो प्वालटार अतिथि भवन निर्माणका लागि रू१,००,०००/- बजेट बिनियोजन गर्ने।(श्रोतः धार्मिक पूर्वाधार निर्माण)<br>२.लेटाङ नगरपालिका वडा नं ७ मा अवस्थित देउलिङ्गे मन्दिर शौन्दर्यकरणका लागि रू५००००/- बजेट बिनियोजन गर्ने।(श्रोतः धार्मिक पूर्वाधार निर्माण)</td></tr>
<tr><td>१७</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>१.लेटाङ नगरपालिकाको बिभिन्न स्थानमा सवारी साधन दुर्घटना न्यूनिकरण तथा लागुपदार्थ दुर्वयसनी विरूद्ध सचेतनामुलक होर्डिङ बोर्ड निर्माणका लागि रू४५०००/- बजेट बिनियोजन गर्ने।(श्रोतःविविध कार्यक्रम खर्च)<br>२.लेटाङ नगरपालिकाको व्युटीसियन सम्बन्धी तालिमका लागि आवेदन धेरै परेको साथै उक्त शिर्षकमा सबैलाई तालिम गराउन बजेट अभाव भएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी रू२००,०००/- बजेट बिनियोजन गर्ने।(श्रोतः आर्थिक रूपमा विपन्न, लक्षित वर्गका शिक्षित व्यक्तिहरूको लागि शिक्षक सेवा/ लोक सेवा आयोग तयारी कक्षा सञ्चालन)</td></tr>
</table>